नेपाल सरकार
गृह मन्त्रालय

प्र.जि.अ: ०७८-५४०७९९
०७८-५४०६१७
Email: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती

पत्र संख्या: ०७७/७८
च.नं.: १२८२

## बिषय : त्रैमासिक प्रगति विवरण (PROACTIVE DISCLOSURE)

सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ वमोजिम यस कार्यालयवाट मिति २०७७ श्रावण १ देखि २०७७ असोज मसान्तसम्म ३ महिना अवधिका सूचनाहरु सोही ऐनको दफा ५(४) वमोजिम देहाय अनुसार प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ ।

(क) **जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति :** स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप संचालन गर्न तथा शान्ति र व्यवस्था कायम राख्ने कार्य प्रभावकारी रुपमा संचालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो र उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरेको साविक नवलपरासी जिल्ला विभाजन भई नवलपरासी(व.सु.पू.) र नवलपरासी(व.सु.प.) गरि २ जिल्ला भएको र यस जिल्लामा मिति २०७४/०७/१९ मा जिल्ला प्रशासन कार्यालय, नवलपरासी(व.सु.पू.) को स्थापना भएका हो ।

(ख) **जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार :**

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम गर्ने ।
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्ने ।
- हातहतियार खरखजाना सम्बन्धी कार्य गर्ने ।
- विष्फोटक पदार्थ नियन्त्रण सम्बन्धी कार्यगर्ने ।
- विदेशी नागरिक उपर रेखदेख र नियन्त्रण गर्ने ।
- यातायात सम्वन्धी काम गर्ने ।
- संघ, संस्था, पत्रपत्रिका सम्बनधी कार्य गर्ने ।
- स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने ।
- नागरिकता दिने र सो सम्बन्धी कारवाही चलाउने ।
- कारागार प्रशासन एंव कारागारको सुरक्षा व्यवस्था मिलाउने ।
- आप्रवास सम्बन्धी काम गर्ने ।
- चिठ्ठा, जुवा आदि नियन्त्रण गर्ने ।
- सार्वजानिक स्थानमा अवान्छनीय क्रियाकलाप रोकथाम र अभद्र व्यवहार आदिको नियन्त्रण गर्ने ।
- प्रकोपमा परेकाहरुको उद्धार र राहतको व्यवस्था मिलाउने र मिलाउन लगाउने ।
- लागू औषध नियन्त्रण सम्बन्धी काम ।

- चलचित्र, हाटवजार, मेला सम्वन्धी कार्यगर्ने ।
- सीमा प्रशासन र इलाका प्रशासन सम्बन्धी काम गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सम्पत्तिको रेखदेख, नियन्त्रण, मर्मत संभार आदि कार्य गर्ने ।
- निर्वाचन सम्वन्धी कार्य गर्ने ।
- जीउ मास्ने बेच्ने कार्य नियन्त्रण गर्ने क्रममा आवश्यक काम गर्ने ।
- तस्करी नियन्त्रण गर्ने ।
- नाता प्रमाणित गरि दिने ।
- मुआब्जा निर्धारण सम्बन्धी कार्य गर्ने ।
- घर भाडा निर्धारण सम्बन्धी कार्य गर्ने ।
- नावालाक, असहाय वालवालिकाको संरक्षण गर्ने ।
- मूल्य नियन्त्रण गर्ने, कृतिम अभाव, जमाखोरी अनुचित लाभ गर्न नदिने र दैनिक उपभोग्य वस्तुको आपूर्तिको प्रवन्ध मिलाउने ।
- जिल्लास्थित सरकारी कार्यालयहरुको निरीक्षण गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।
- जिल्लास्थित कार्यालयहरु वीच समन्वय गर्ने ।
- सभा, समारोहको प्रवन्ध मिलाउने ।
- सामाजिक संघ, संस्था, स्कूल, कलेज, स्वास्थ्य निकाय आदिलाई आवश्यक सहयोग पुर्‍याउने ।
- प्रचलित नेपाल कानूनले तोके अनुसारका मुद्दा मामिलामा आवश्यक कारवाही गर्ने ।
- नेपाल सरकारले तोकेको र दिएको निर्देशन अनुरुपको कार्य गर्ने गराउने ।
- जिल्लास्थित प्रख्यात र कुख्यात व्यक्तिहरुको अभिलेख राख्ने ।
- जिल्लाभित्र संचालित विकास आयोजना रेखदेख, समन्वय र सहयोग पुर्‍याउने ।
- मदिरा नियन्त्रण सम्बन्धी  कार्य गर्ने ।
- जिल्लास्थित राजनीतिक दलहरु वीच सहज र मैत्री सम्बन्ध बनाउने ।
- नेपाल सरकारको तर्फबाट हुने जिल्लास्थित कार्यमा प्रतिनिधित्व गर्ने ।
- अन्य कुनै पदाधिकारीलाई नतोकिएको कार्य गर्ने ।
- कार्यालय प्रमुखको बैठक गरी जिल्लामा भै रहेका कार्य र समस्याको निराकरणको लागि निकास खोज्ने ।
- जिल्लाको सुरक्षा पार्श्वचित्र District Security Profileतयार पारी राख्ने ।
- लोकसेवा आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम पदपूर्ति सम्वन्धी काम गर्ने ।
- जिल्लामा ज्यालादर रेट निर्धारण सम्वन्धी कार्य गर्ने ।
- जनतालाई परेको पिरमर्का सम्बन्धी जनगुनासोका सम्वन्धमा छलफल गराई समस्याको समाधान खोज्ने ।
- जिल्लामा दिनै पिच्छे घटेका घटनाहरुको अभिलेख तैयार गरी घटनाको महत्व अनुसार दैनिक/मासिक प्रतिवेदन मन्त्रालयमा पठाउने ।
- कुनै पनि मन्त्रालयलाई नतोकिएको नेपाल सरकारको कुनै काम

(ग) **जिल्ला प्रशासन कार्यालयमा रहेको कर्मचारी संख्या र कार्य विवरण**

| सि.नं. | पद | श्रेणी | दरवन्दी संख्या | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितिय | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | ३ | ३ | - | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | १० | ७ | ३ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | १ | १ | - | |
| ६ | खरिदार | रा.प.अन.द्धि | ५ | ४ | १ | |
| ७ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | ३ | ३ | | करार २ |
| ८ | हल्का सँवारी चालक | श्रेणी विहिन | २ | २ | - | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | | ४ करार |
| **जम्मा** | | | ३३ | २९ | ४ | |

(घ) **जिल्ला प्रशासन कार्यालयवाट प्रदान गरिने सेवा :**

- नागरिकता
- राहदानी सिफारिस
- विपद व्यवस्थापन तथा विपद पीडितलाई आर्थिक सहायता वितरण
- नामथर, उमेर संशोधन र प्रमाणित
- जनजाती, दलित, आदिवासी प्रमाणित
- ठाडो उजुरी/ गुनासो सम्वोधन गर्ने
- शान्ति सुरक्षाको लागि प्राप्त निवेदन उपर कारवाही गर्ने
- मुद्धा सम्वन्धि
- मुआब्जा निर्धारण र वितरण गर्ने
- सवारी दुर्घटनाका मृतकका हकदार/घाईतेलाई क्षतिपूर्ति राहत/ औषधी उपचार दिलाई भराई दिने
- हात हतियार इजाजत नविकरण र नामसारी सम्बन्धी
- नाबालक परिचय पत्र सम्बन्धी
- संस्था दर्ता र नविकरण /जिल्लामा शाखा खोल्न स्वीकृती
- नीजि सुरक्षा कम्पनी दर्ता नविकरण एवं पुन: सञ्चालन अनुमति
- छापाखाना तथा पत्रपत्रिका दर्ता सम्बन्धी
- द्धन्दको क्रममा मृत्यु भएका व्यक्तिका नजिकका हकदारहरुलाई आर्थिक सहायता वितरण

(ङ). **जिल्ला प्रशासन कार्यालयका शाखा र जिम्मेवार अधिकारी**

| सि.नं. | शाखा | जिम्मेवार व्यक्ति | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | मुद्धा शाखा | ना.सु श्री बाबुराम भण्डारी | प्र.जि.अ.श्री मनमाँया भट्टराई पंगेनी<br>स.प्र.जि.अ.श्री मोहन बहादुर थापा<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |
| २ | स्थानीय प्रशासन | ना.सु. श्री राजेन्द्र प्रसाद | प्र.जि.अ.श्री मनमाँया भट्टराई पंगेनी |

| | | | |
|---|---|---|---|
| | शाखा/जिन्सी शाखा | देवकोटा | स.प्र.जि.अ.श्री मोहन बहादुर थापा<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |
| ३ | लेखा शाखा | ले.पा. श्री जगत वहादुर चौधरी | स.प्र.जि.अ. मोहन बहादुर थापा<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |
| ४ | नागरिकता शाखा | ना.सु. श्री बासुदेव रुम्बा | प्र.जि.अ.श्री मनमाँया भट्टराई पंगेनी<br>स.प्र.जि.अ. श्री मोहन बहादुर थापा<br>प्र.अ.बोधराज बस्याल |
| ५ | नागरिकता प्रतिलिपि शाखा | ना.सु. श्री तोयनाथ भट्टराई | प्र.जि.अ. मनमाँया भट्टराई पंगेनी<br>स.प्र.जि.अ. श्री मोहन बहादुर थापा<br>प्र.अ.श्री ऋषिराम ढकाल |
| ६ | राहदानी शाखा | ना.सु.श्री मीना सुवेदी | प्र.जि.अ. मनमाँया भट्टराई पंगेनी<br>स.प्र.जि.अ.श्री मोहन बहादुर थापा<br>प्र.अ.श्री ऋषिराम ढकाल |
| ७ | कम्प्युटर शाखा | क.अ. तारा देवी अर्याल | प्र.जि.अ.श्री मनमाँया भट्टराई पंगेनी<br>स.प्र.जि.अ.श्री मोहन बहादुर थापा<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |

(च) **जिल्ला प्रशासन कार्यालयवाट प्राप्त हुने सेवाको दस्तुर र अवधि :**

| सि.नं. | सेवाको किसिम | दस्तुर | अवधि |
|---|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र | रु १०/-को टिकट | प्रक्रिया पुगेकै दिन |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | रु २०/-को टिकट | सोही दिनै |
| ३ | राहदानीको सिफारिस | रु ५,०००/- | १० दिन सम्मको फाराम संकलन गरि भरतपुर पठाइने |
| ४ | संस्था दर्ता | रु १,०००/- | प्रक्रिया पुरा भएपछि |
| ५ | संस्था नविकरण | रु ५००/-असोज मसान्त सम्म<br>रु १००/-थप पौषमसान्त सम्म<br>रु२५०/-थप असार मसान्तसम्म | सोही दिनै |
| ६ | नाम,जात र उमेर प्रमाणित तथा अन्य सिफारिस | रु १० को टिकट | सोही दिनै |
| ७ | प्रकोप पिडितलाई राहत वितरण | - | सोही दिनै |
| ८ | ठाडो उजुरी | रु.१० को टिकट | सोही दिने प्रक्रिया बढाईने |

(छ) **निर्णय प्रक्रिया र अधिकारी**

- मुद्धा हेर्ने अधिकार वाहेकका अन्य अधिकारहरु स.प्र.जि.अ.मा प्रत्यायोजन भएको छ ।
- निर्णय ३ तहमा हुने गरेको फाँटवाला - प्र.अ.- स.प्र.जि.अ./प्र.जि.अ.

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- प्र.अ. र स.प्र.जि.अ.ले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख जिल्ला अधिकारी

* प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी मन्त्रालय सचिव

(झ) **जिल्ला प्रशासन कार्यालयवाट सम्पादन भएका कामको विवरण :**

| सि.नं | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | महिला – ५६९, पुरुष-६२४ , जम्मा -११९३ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला –३२९ , पुरुष-४५९, जम्मा -७८८ |
| ३ | द्रुतसेवा मार्फत राहदानीको लागि परराष्ट्र मन्त्रालयमा सिफारिस | महिला-६, पुरुष-२, नाबालक-३ जम्मा -११ |
| ४ | साधारण राहदानीको सिफारिस | महिला-५५ पुरुष-५४, नाबालक-११ जम्मा - १२० |
| ५ | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | १८ |
| ६ | नविकरण भएका संस्थाहरुको संख्या | १०६ |
| ७ | राजश्व संकलन ( राहदानी दस्तुर, धरौटी र संस्था दर्ता/नविकरण ) | राहदानी- रु. ३२,२५,०००/-<br>संस्था दर्ता/नविकरण- रु.१,०५,०००/-<br>प्रशासनीक दण्ड जरिवाना रु. ५६,७०० /-<br>जम्मा – रु.३३,८६,७०० /-<br>धरौटी – रु.४,४०,०८०/- |
| ८ | • मुद्धा दर्ता<br>• मुद्धा फर्छ्यौट संख्या | २०<br>१५ |
| ९ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदन | १० |
| १० | ठाडो उजुरी सख्या | २७ |
| ११ | नाबालक परिचय पत्र वितरण | महिला – ३३, पुरुष- ३१ , जम्मा - ६४ |
| १२ | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | महिला – २७ , पुरुष- ५४, जम्मा - ८१ |
| १३ | घरभाडा निर्धारण समितिको वैठक संख्या ३ | श्रावण-१ डिभिजन वन कार्यालय ,भाद्र-२ स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालय |
| १४ | जिल्ला विपद व्यवस्थापन समितिको वैठक संख्या १ | ➢ हावाहुरीको कारणबाट विपदमा परेका ६ घर परिवारलाई राहत वितरण गर्ने निर्णय गरेको।<br>➢ वर्षातको कारण विभिन्न स्थानमा रुख पल्टन गइ सडक अवरुद्ध भएकोमा रुख हटाई सडक संचालन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरेको। |

| | | |
|---|---|---|
| १५ | कालो वजारी, कृतिम अभाव, जम्मा खोरी, गुणस्तरहिन बस्तु वेचविखन आदि नियन्त्रण गर्न संयुक्त वजार अनुगमन समिति परिचालन | अनुगमन टोली संख्याः यस कार्यालयबाट २ र घरेलु तथा साना उद्योग कार्यालयबाट १ गरी जम्मा ३ टोली परिचालन गरिएको।<br>अनुगमन गरिएको उद्योग/व्यवसाय संख्याः २३ र कारवाही गरिएको संख्याः २ ओटा। |
| १६ | विपदबाट प्रभावितलाई राहत वितरणः<br>संघ-ख-६तर्फ राहत खर्च रु.२०,०००/-<br>प्रदेश-ख-६तर्फ राहत खर्च रु.६,५५,०००/-<br>विपदवाट मृतक संख्याः ५ जना जसमध्ये मृतकको ३ घरपरिवारलाई प्रति परिवार रु. दुई लाखको दरले वितरण सम्मपन्न र एउटै घरको दुई जना मृतकको भुक्तानी पाउने हकदारको संख्या पुष्टयाई नभएको कारण रु. तीन लाख भुक्तानी हुन वाँकी। | |
| १७ | जिल्ला सुरक्षा समितिको बैठकः ७ पटक<br>अन्तर जिल्ला समन्व समितिको बैठकः १ पटक<br>नेपाल भारत संयुक्त सिमा बैठकः १ पटक<br>जिल्लास्तरीय कोभिठ-१९ संकट व्यवस्थापन समितिको बैठकः ६ पटक | |
| १८ | जिल्लामा खाद्यान्न र पेट्रोलियम जस्ता अत्यावश्यक उपभोग्य वस्तुको सहज आपुर्तिको लागि उद्योग वाणिज्य संघका पदाधिकारीहरुबीच आपूर्ति व्यवस्था सहजता सम्बन्धमा बैठक गरिएको। | |
| १९ | कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रण सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदबाट विभिन्न मितिमा भएको निर्णय प्रभाबकारी रुपमा कार्यान्वयनका लागि ३ वटा संयुक्त अनुगमन टोली गठन र परिचालन गरी निरन्तर रुपमा अनुगमन गरिएको र प्रगति विवरण पठाइएको। | |

(ञ) **गुनासो सुन्ने अधिकारी,सूचना अधिकारी र प्रमुखको नाम र पद :**

- प्रमुख : श्री मनमायाँ भट्टराई पंगेनी, प्रमुख जिल्ला अधिकारी (९८५७०८७७७७)
- गुनासो सुन्ने अधिकारीः श्री मोहन बहादुर थापा, स.प्र.जि.अ., (९८५७०४०२६७)
- सूचना अधिकारी : श्री आनन्द शर्मा भुसाल, प्रशासकीय अधिकृत (९८४९१८००५८)
-

(ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन, २०६३
- राहदानी ऐन, २०६३
- विष्फोटक पदार्थ ऐन, २०१८
- बालबालिक सम्बन्धी ऐन, २०७५
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मानव अधिकार आयोग ऐन, २०५३

- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- सशस्त्र प्रहरी ऐन, २०५८
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- संस्था दर्ता ऐन, २०३४
- सार्वजनिक सुरक्षा ऐन, २०६०
- संक्षिप्त कार्यविधि ऐन, २०२८
- होटल व्यवस्था तथा मदिराको विक्रि वितरण (नियन्त्रण) ऐन, २०२३
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कारागार ऐन, २०१९
- खाद्य ऐन, २०२३
- छापाखाना र प्रकाशन ऐन, २०४८
- जलश्रोत ऐन, २०४९
- जग्गा प्राप्ती ऐन, २०४९
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- प्रहरी ऐन, २०१२
- उमेर नाम र जात सच्याउने नियमहरु, २०१७
- नागरिकता नियमावली, २०६३
- कारागार नियमावली, २०२०
- खाद्य नियमावली, २०२७
- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- जलश्रोत नियमावली, २०५०
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- हातहतियार खरखजाना नियमावली, २०२८
- प्रहरी नियमावली, २०२८
- राहदानी नियमावली, २०६७
- सशस्त्र प्रहरी नियमावली, २०६०
- संस्था दर्ता नियमावली, २०४३
- सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१
- मुलुकी देवानी(संहिता) ऐन,२०७४ र मुलुकी देवानी कार्यविधि(संहिता) ऐन,२०७४
- मुलुकी अपराध(संहिता) ऐन,२०७४,मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन,२०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- नागरिकता वितरण कार्यविधि निर्देशिका,२०६३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

- लागुऔषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका,२०६८
- हातहतियार,खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका,२०६९
- नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहँच दिने सम्वन्धी कार्यविधि,२०७५
- सदाचार संहिता,२०७५
- CCTV जडान तथा सञ्चालन सम्वन्धी कार्यविधि,२०७२ (संशोधन सहित)
- राजमार्गमा हने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि,२०७५
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० (संशोधन सहित)

ठ) **आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण : आ.व. ०७६/७७**

| विवरण | चालु खर्च | पूँजीगत खर्च |
|---|---|---|
| आ.व.०७६/७७ को लागि स्वीकृत बार्षिक विनियोजित वजेट | रु.२१२८०००० /- | रु. १,१०,००,०००/- |
| २०७७ श्रावणदेखी १ देखि अर्सोज मसान्त सम्मको खर्च रु. | रु ४६३३१५९/- | रु.३४९०२/- |
| राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभाग तर्फ | रु.१२०३०००/- | |
| २०७७ श्रावण १ देखि असोज मसान्त सम्मको खर्च रु. | १६३००८/- | |

ड) **अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण : नभएको**

ढ) सार्वजनिक निकायको वेवसाईट भएको सोको विवरण :-

- **www.daonawalparasieast.moha.gov.np**
- **Mobile Apps**नवलपरासी वर्दघाट सुस्तापूर्व
- **Facebookpage: www.facebook.com/daonawalparasieast**

ण) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : -

त) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण : -

थ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : -

द) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको बिषय : नपरेको

ध) सार्वजनिक निकाय सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको सोको विवरण : -

२०७७/०७/१९

(मोहन बहादुर थापा)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी